नेपाल सरकार
राष्ट्रिय योजना आयोग

पत्र संख्याः
चलानी संख्याः

सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ती

"नेपालको स्वास्थ्य क्षेत्र: वर्तमान अवस्था र भावी कार्यदिशा" विषयक राष्ट्रिय बहस कार्यक्रम काठमाडौंमा मिति २०७८/१२/२५ गते सम्पन्न भयो। कार्यक्रममा आगामी आर्थिक वर्ष २०७९/८० को स्वास्थ्य, जनसंख्या तथा पोषण क्षेत्रको बजेट तर्जुमाको लागि अपनाउनुपर्ने सिद्धान्त, नीति, योजना तथा कार्यक्रमका बारे छलफल गर्नु, कोभिड-१९ महामारीबाट प्राप्त सिकाइ र भोगाईको समीक्षा गर्नु, चालू १५औं योजनाको स्वास्थ्य, जनसंख्या तथा पोषण क्षेत्रको हालसम्मको प्रगति स्थिति, स्वास्थ्य क्षेत्रको दीर्घकालीन सोंच र कार्यान्वयन विधिको प्रारम्भिक खाका तयारी गर्नु र सोह्रौं योजनाको सोच, लक्ष्य, उद्देश्य, नीति तथा कार्यनीति, कार्यक्रम, बजेट आदिको प्रारम्भिक खाका तयारीको सम्बन्धमा छलफल गरी राय/सुझाव संकलन गर्नु जस्ता उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रम राष्ट्रिय योजना आयोगका स्वास्थ्य क्षेत्र हेर्नुहुने माननीय सदस्य डा उमाशंकर प्रसादको अध्यक्षतामा सञ्चालन भयो ।कार्यक्रममा पूर्व प्रधानमन्त्री माननीय डा बाबुराम भट्टराई, पूर्व स्वास्थ्य मन्त्री माननीय श्री गगन थापा, महानगरपालिकाका प्रमुखहरु, राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरु, प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष तथा सदस्यहरु, स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति तथा उच्च पदस्थ पदाधिकारीहरु, राष्ट्रिय योजना आयोग र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवहरु, कार्यक्रममा सहजकर्ताको रुपमा विषयक्षेत्रगत विज्ञहरु, चारवटा विषय क्षेत्रमा प्यानलको भूमिकामा रहनुभएका विषयविज्ञहरु, नगरपालिकाका प्रमुख तथा प्रशासकीय अधिकृतहरु, राष्ट्रिय योजना आयोग तथा अन्य मन्त्रालयका सहसचिवहरु, विभागीय प्रमुख तथा महाशाखा प्रमुखहरु, प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिवहरु, विश्व स्वास्थ्य संगठन, विश्वबैङ्क, युनिसेफ लगायतका विकास साझेदारहरु, विभिन्न स्वास्थ्य

संस्था एवम् अस्पतालका प्रमुख, नगर तथा गाउँपालिका महासंघका प्रमुख तथा प्रतिनिधीहरु, विभिन्न स्वास्थ्य परिषदका रजिष्ट्रारहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाको प्रमुख तथा प्रतिनिधीहरु एवम् सञ्चार माध्यमका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको शुभारम्भ सत्रमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. उमाशंकर प्रसादले "नेपालको स्वास्थ्य क्षेत्र : चुनौती र सम्भावनाहरु" को समग्र विषयमा प्रस्तुति गर्नुभयो । प्रस्तुतिमा स्वास्थ्य क्षेत्रका चुनौति, सम्भावना र अपेक्षालाई केन्द्रविन्दुमा राखेर स्वास्थ्य र अर्थतन्त्र, संस्थागत मानव श्रोत, वित्तीय, वस्तुगत र अनुसन्धान तथा सृजनशीलताको स्रोतमा अन्तर रहेको विषयलाई जोडदिनुभयो। स्वास्थ्यलाई सामाजिक, मानसिक र शारीरिक अवधारणा र अन्तरसम्वन्धबाट त्रिकोणात्मक विश्लेषणका साथै स्वास्थ्यका गुणात्मक र परिमाणात्मक सूचकहरु र नसर्ने रोगहरुको विषयमा तथ्याङ्कसहित प्रस्तुत गर्नुभयो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख डा. कृष्ण प्रसाद पौडेलले पन्ध्रौं योजना, कोभिड १९ महामारी, स्वास्थ्य क्षेत्रको बित्तीय रणनीति तथा समग्र सुधार लगायतका विषयमा प्रस्तुति गर्नुभएको थियो ।

प्राविधिक सत्रमा पहिलो विषयको रुपमा **संवैधानिक प्रावधान अनुसार निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा विषयको** सहजीकरण Herd International का कार्यकारी निर्देशक डा. शुसील चन्द्र बराल र प्यानल सदस्यहरुमा पूर्व प्रधानमन्त्री तथा संघीय संसद प्रतिनिधि सभाका माननीय सदस्य डा. बाबुराम भट्टराई, स्वास्थ्य विज्ञ प्राध्यापक डा. शरद राज वन्त, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. भगवान कोईराला, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेल रहनुभएको थियो ।

पूर्व प्रधानमन्त्रीज्यूले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा राज्यको दायित्व भएको हुँदा निजी क्षेत्रलाई मुनाफाका लागि छोड्न नहुने तथा निजी क्षेत्रको नियमन बढाउनुका साथै शिक्षा र स्वास्थ्य क्षेत्रको जिम्मा राज्यले नै लिनुपर्ने बताउनुभयो ।

यसैगरी स्वास्थ्य सचिवले समुदायस्तरसम्म स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि तहगत संरचनाबाट कोभिड-१९ महामारीमा सेवा प्रवाह प्रभावकारी भएको तथा नियमित स्वास्थ्य सेवा प्रवाहमा पनि थप कार्य गर्न आवश्यक भएको बताउनुभयो । डा. भगवान कोईरालाले स्वास्थ्य सेवाको गुणस्तरमा सुधार ल्याउन संरचनामा मात्र नभई दक्ष जनशक्ति र व्यवस्थापकीय पक्षको भूमिका अभिबृद्धि गर्ने विषयमा जोड दिनुभयो । डा. शरद राज वन्तले आधारभूत स्वास्थ्य सेवाको पहुँचमा जोड दिदैं मानव स्वास्थ्यलाई नागरिक हककोरुपमा स्थापित गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराउनुभयो ।

**दोस्रो प्यानल छलफलमा** पूर्व अर्थ सचिव श्री रामेश्वर खनालले **स्वास्थ्य सेवा प्रवाहको सुदृढीकरणमा निजी क्षेत्र तथा नागरिक समाजको भूमिका** विषयमा सहजीकरण गर्नुभयो । प्यानल सदस्यहरुमा पूर्व स्वास्थ्य मन्त्री एवम् संघीय संसद प्रतिनिधि सभाका सदस्य गगन थापा, मेडिसिटी अस्पतालका अध्यक्ष डा. उपेन्द्र महतो, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख विशेषज्ञ डा. गुणराज लोहनी र नेपाल उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष श्री ज्योति बानिया रहनुभएको थियो । उक्त छलफलमा डा. लोहनीले स्वास्थ्य क्षेत्रमा प्रभावकारी नियमन र कार्यान्वयनको पक्षलाई सबल बनाउन आवश्यक भएको भन्दै विद्युतीय अभिलेखीकरण तथा तथ्याङ्क व्यवस्थापनको योजना रहेको जानकारी दिनुभयो । यसैगरी पूर्व स्वास्थ्य मन्त्रीज्यूले स्वास्थ्य वीमा सेवालाई अनिवार्य बनाउन तथा "एक स्वास्थ्य संस्था-एक चिकित्सक"को अवधारणालाई संस्थागत गर्न आवश्यक जनशक्तिमा लगानी बढाउनुपर्ने विषयमा जोड दिनुभयो । साथै उहाँले

स्वास्थ्य वीमा कार्यक्रमलाई दीगो बनाउन हालको व्यवस्थामा तोकिएको वीमा सुबिधा आगामी वर्षमा पनि संचित हुने व्यवस्था गरिनुपर्ने बताउनुभयो । यसैगरी डा. महतोले निजी स्वास्थ्य क्षेत्रले देशको अर्थतन्त्रमा योगदान पुऱ्याइरहेको र आगामी दिनमा नेपाललाई स्वास्थ्य उपचारको अन्तरराष्ट्रियहबको रुपमा स्थापित गर्न आफू अग्रसर रहेको बताउनुभयो ।

**तेस्रो प्यानलमा** राष्ट्रिय योजना आयोगका पूर्व माननीय सदस्य डा. उषा झाले **स्वास्थ्य तथा पोषणको क्षेत्रमा बहुपक्षीय संलग्नताको अवधारणाको सुदृढीकरण** विषयमा सहजीकरण गर्नुभयो । प्यानल सदस्यहरुमा युनिसेफ नेपालका लागि प्रतिनिधि Ms. Elke Wisch, विश्व स्वास्थ्य संगठन नेपालस्थित कार्यालयका प्रमुख डा. राजेश संभाजीराव पाण्डव, युरोपियन युनियन नेपालका प्रतिनिधि Dr. Marco Gemmer र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य समन्वय महाशाखाका प्रमुख डा. संगिता कौशल मिश्रा हुनुहुन्थ्यो । उक्त छलफलमा डा. मिश्राले सहकार्य परिणाममुखी हुनुपर्नेमा जोड दिदैं यसका लागि राजनीतिक प्रतिबद्धता, संयुक्त योजनाको आवश्यकता र जवाफदेहिताको विषय राख्नुभयो। यसैगरी डा. पाण्डवले प्रभावकारी साझेदारीका लागि प्रतिवद्धता सँगसँगै समय, स्थिरता, विश्वास, संचार र साझा उद्देश्य जस्ता अवयवहरुमा जोड दिनुभयो । साथै कोभिड-१९ ले बहुक्षेत्रीय साझेदारीको महत्व उजागार भएको विषय बताउनुभयो । Dr. Gemmer ले नेपालमा पोषणको क्षेत्रमा भएको प्रगतिलाई उल्लेख गर्दै यी विषयमा बहुपक्षीय साझेदारी तथा समन्वय महत्वपूर्ण हुने बताउनुभयो । साथै उहाँले समाधानका उपायहरु स्थानीय आवश्यकता र नेपालले चाहे अनुसारको हुनुपर्ने र बजेट तर्जुमा गर्दा पोषणको कोडको अवधारणा लागू गर्नुपर्ने पनि सुझाव दिनुभयो । Ms. Elke Wisch ले यूनिसेफ बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था भएको उल्लेख गर्दै पोषण क्षेत्रको सुधारका लागि बहुक्षेत्रीय सहकार्य, पोषण केन्द्रित कार्यक्रमको निर्माण

र एक क्षेत्रले अर्को क्षेत्रलाई कसरी असर पार्छ भनेर विश्लेषण गरिनु पर्नेमा जोड दिनुका साथै प्रारम्भिक बालविकास र सामाजिक सुरक्षाको विषय पनि यसका लागि महत्वपूर्ण भएको बताउनुभयो।

**चौथो तथा अन्तिम प्यानलमा** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौडाका रेक्टर प्रा. डा. सतीश कुमार देवले **स्वास्थ्य क्षेत्रमा योजना तर्जुमा वित्त व्यवस्था र राजनीतिक प्रतिवद्धता** विषयमा सहजीकरण गर्नुभएको थियो । प्यानल सदस्यहरु नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष श्री भवानी राणा, त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्रा. डा. शिवराज अधिकारी र स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्र रमन सिंह हुनुहुन्थ्यो । डा. सिंहले स्वास्थ्य क्षेत्रको इतिहास र संघीयता पछिको भिन्नताबारे चर्चा गर्दै कोभिड-१९ महामारीबाट पाठ सिक्दै स्वास्थ्य सेवा प्रणाली सुधार गर्नुपर्नेमा जोड दिनुभयो । यसैगरी डा. अधिकारीले श्रोत अभावमा नागरिकले स्वास्थ्य सेवा पाउने या नपाउने अवस्था हुन नहुने तथा स्वास्थ्य विमा कार्यक्रम अपेक्षित हिसाबले संचालन हुन नसकेको र भइरहेका कार्यहरुको पनि अनुगमन बढाउनुपर्ने बताउनु भयो । पूर्व अध्यक्ष राणाले उद्योग वाणिज्य महासंघले कोभिड-१९ महामारीको प्रतिकार्यमा सहयोगी भूमिका खेल्नुका साथै सरकारलाई स्वास्थ्य सेवाको गुणस्तर सुधारमा महत्वपूर्ण सुझावहरु दिदैं आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा प्रदेश नीति योजना आयोगहरुकोतर्फबाट बागमती प्रदेशका उपाध्यक्ष डा. कृष्ण राज पन्तले मन्तव्य राख्दै आगामी पञ्चवर्षीय योजनाहरुमा कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रमहरु समावेश गर्न सुझाव दिनुभयो ।

समापन सत्रमा विश्व स्वास्थ्य संगठनका नेपालस्थित कार्यालयका प्रमुख डा. राजेश संभाजीराव पाण्डवले स्वास्थ्य नीति तथा कार्यक्रमहरु समतामूलक तथा समावेशी हुनुपर्ने,

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः
चलानी संख्याः

सिंहदरबार, काठमाडौं

सार्वजनिक-निजी साझेदारीमार्फत स्वास्थ्य सेवा विस्तार हुनसकेमा गुणस्तरीय सेवामा पहुँच सुनिश्चित गर्न सकिने बताउनुभयो । यसै क्रममा राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारीले स्वास्थ्य क्षेत्रको सुधारका लागि विगतमा भएका पहल तथा कार्यक्रमहरुको तथ्याङ्कसहित संक्षिप्त समीक्षा गर्दै यस क्षेत्रमा गर्नुपर्ने सुधारहरुकोबारेमा बताउनुभयो। साथै नसर्ने रोग, शिशु तथा मातृ स्वास्थ्य, स्वास्थ्य संरचनाको उपलब्धता, सेवामा जनताको पहुँच, जनशक्तिको अवस्था, प्रविधिको प्रयोग, स्वास्थ्य क्षेत्रमा लगानी, उपचारात्मक तथा स्वास्थ्य प्रवर्द्धन एवम् स्वास्थ्य शिक्षामा विभिन्न पक्षको गुणात्मक सुधार गर्नुपर्ने तथा सेवालाई दिगो एवम् प्रभावकारी बनाउन बहुपक्षीय समन्वयमा जोड दिनुपर्ने बताउनु भयो ।

राष्ट्रिय बहसको अन्त्यमा कार्यक्रमका अध्यक्ष तथा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. उमाशंकर प्रसादज्यूले स्वास्थ्य क्षेत्रमा सार्वजनिक-निजी साझेदारी महत्वपूर्ण हुनुका साथै कार्यक्रममा छलफल भएका विषयहरुले आगामी दिनमा स्वास्थ्य क्षेत्रको योजना तथा कार्यक्रम निर्माणमा दुरगामी महत्व राख्ने बताउनुभयो र उहाँले सम्पूर्ण सहभागीहरु तथा व्यवस्थापन समूहलाई धन्यबादसहित कार्यक्रमको समापन गर्नुभयो ।

मितिः २०७८/१२/२५

राजेन्द्र कुमार पौडेल
प्रवक्ता